# थबाङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
थबाङ, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल


## थबाङ गाउँपालिकाको क्षेत्राधिकारको जलजला थान पूजा व्यवस्थापन सम्बन्धी गोप्य शिलबन्दी दरभाउपत्र आह्वान गरिएको सूचना

दोस्रो पटक प्रकाशित मिति : २०८२।०३।३१

सूचना नं ८३।२०८१।०८२

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(६) र दफा ६४ एवम् थबाङ गाउँपालिका, गाउँ कार्यपालिकाको निर्णय बमोजिम आर्थिक वर्ष २०८१।०८२ को लागि यस कार्यालयले तोकेको दररेटको आधारमा वार्षिक न्यूनतम दररेटबाट बढाबढ हुने गरी थबाङ गाउँपालिका क्षेत्र अन्तर्गत पर्ने देहायको शिर्षकमा ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले सो को लागि सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र शिलबन्दी दरभाउपत्र लिन चाहने व्यक्ति, फर्म वा कम्पनीहरुबाट निम्नलिखित शर्तहरुको अधिनमा रहि आफ्नो फर्म नविकरण भएको प्रमाणपत्र, मू अ कर दर्ता प्रमाणपत्र, स्थायी लेखा दर्ता प्रमाणपत्र तथा आ व २०८०।०८१ को करचुक्ताको प्रमाणित प्रतिलिपी पेश गरी रितपूर्वकको गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको छ।

| ठेक्का नं | विवरण | न्यूनतम कबोल अंक (कर सहित) | बोलपत्र फाराम दस्तुर | धरौटी रकम | बोलपत्र पेश गर्ने अन्तिम मिति |
|---|---|---|---|---|---|
| TRM-ROLPA/W/SQ/23/2081/082 | जलजला थान पूजा व्यवस्थापन | रु १५,००,०००।०० | रु १०००।०० | कबोल अंकको ५% | १६ औं दिन दिउसो १२ बजे भित्र |

***<u>बोलपत्र सम्बन्धी शर्तहरु</u>***

१. दरभाउपत्र फाराम सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समयभित्र तोकिएको दस्तुर तिरि यस कार्यालयको प्रशासन शाखाबाट खरिद गर्न सकिनेछ र फाराम दस्तुर यस कार्यालयको ग्लोवल आई.एम.ई. बैंक लिमिटेड थबाङ शाखामा रहेको आन्तरिक राजश्व खाता थबाङ खाता नं २८५०४०१००००००९ मा जम्मा गरेको बैंक भौचरको सक्कल प्रति पेश गर्नु पर्नेछ। नियमानुसार दर्ता हुन आएका दरभाउपत्रहरु १६औं दिन २०८२।०४।१४ गते दिउँसो १२ बजे भित्रमा दरभाउपत्र दर्ता र सोहि दिन दिनको २ बजे यस कार्यालयमा दरभाउपत्रदाताहरुको रोहबरमा खोलिनेछ। दरभाउपत्रदाताहरु उपस्थित नभए पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन। दरभाउपत्र खरिद गर्ने र खोल्ने दिन सार्वजनिक बिदा पर्न गएमा सो पछाडी लगत्तै कार्यालय खुलेको दिन उल्लेखित कार्यहरु सञ्चालन हुनेछन।

२. यस कार्यालयबाट प्रमाणित भएका बोलपत्र फारामहरु दरभाउपत्रदाता स्वयं वा रित पूर्वक लिखित वारेस पठाई तोकिएको दस्तुर बुझाई खरिद गर्नु पर्नेछ।

३. दरभाउपत्र फाराम खरिद गर्दा निवेदन सहित फर्म वा कम्पनीहरुले व्यवसाय दर्ता प्रमाणपत्र र स्थायी लेखा नं वा मू अ कर दर्ता प्रमाणपत्र तथा आ व २०८०।०८१ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ।

४. दरभाउपत्र फाराम भरी पेश गर्दा आफूले कबोल गरेको अंक र अक्षरमा स्पष्टसँग लेखि उक्त अंकको कम्तीमा ५% ले हुन आउने रकम ग्लोवल आई एम ई बैंक थबाङ शाखाको धरौटी खाता थबाङ को खाता नं २८५०४०१००००००३ मा जम्मा गरेको सक्कल भौचर वा मान्यता प्राप्त बैंकले यस कार्यालयको नाममा सोही रकम बराबरको कम्तीमा १२० दिन म्याद भएको बैंक जमानी पत्र गोप्य दरभाउपत्रसाथ पेश गर्नु पर्नेछ। कबोल गरेको रकम अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ।

५. यस पूर्व थबाङ गाउँपालिकाको कार्यालयबाट कुनै ठेक्का लिई रकम फरफारक नभएको ठेकेदारबाट पेश भएको दरभाउपत्रलाई मान्यता दिइने छैन तर दरभाउपत्र पेश गर्नु भन्दा अगावै फरफारक गरेमा दरभाउपत्र पेश गर्न कुनै बाधा पर्ने छैन।

६. यो ठेक्का आ.व. २०८२।०८३ को (२०८२ श्रावणको पूर्णिमा देखि २०८३ असार मसान्त सम्मका) लागि लागु हुनेछ।

७. स्वीकृत ठेक्का अंकलाई दुई किस्तामा विभाजन गरिएको छ। पहिलो किस्ता ६० प्रतिशत र अन्तिम किस्ता ४० प्रतिशत मध्ये पहिलो किस्ता ६० प्रतिशत सम्झौताको बखत दाखिला गरि बाँकी ४० प्रतिशतको हकमा जमानत बापत नेपाल सरकारबाट मान्यता प्राप्त बैंकबाट २०८३ श्रावण मसान्त सम्म मान्य हुने पर्फरमेन्स बोण्ड पेश गर्नु पर्नेछ। बाँकी रकम सम्झौता समयभित्र दाखिला गर्नु पर्नेछ।

८. माथी उल्लेखित शर्तहरु उल्लंघन गरेमा वा तोकिएको किस्ता म्यादभित्र नबुझाएमा गाउँपालिकाको तर्फबाट ठेक्का टोडि बाँकी रहेको रकममा १० प्रतिशत थप क्षतिपुर्ति समेत थप गरि सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

९. थप विवरण बिड डकुमेन्ट अनुसार हुनेछ।

अन्य जानकारीका लागि सम्पर्क नं ९८५७८२४७५०, ९८५७८७७०४१ इमेल: thabangrm58@gmail.com

नि. प्रमुख प्रशासकीय अधिकृत